नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको ईजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**Progressive Finance Limited**

प्रोग्रेशिभ फाइनान्स लिमिटेड

PP Size Coloured Photograph

# APPLICATION FORM FOR PROFL DEBIT CARD

मिति/Date: ......................................

श्री प्रवन्धकज्यू/The Manager
प्रोग्रेशिभ फाइनान्स लि./Progressive Finance Ltd.
......................................शाखा/Branch.

महाशय (Dear Sir/Madam),
कृपया म/हामीलाई तल उल्लिखित विवरण बमोजिम डेबिट कार्ड सेवा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।
Please provide me/us Debit Card Service as per the details given below.

| | |
|---|---|
| कार्डमा उल्लेख हुने नाम<br>Name to be printed on the card | ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐ |
| खाता नं.<br>Account Number | ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐ |

कार्ड सेवा
Card Service

☐ नयाँ कार्ड / New Card
☐ सट्टा कार्ड / Replacement Card
☐ नयाँ पिन / Pin Re-generation
☐ रोक्का/फुकुवा/बन्द / Block/Unblock/Close

कार्ड नं.
Card No. : .....................................................

म/हामीलाई डेबिट कार्ड सेवाका लागि लाग्ने शुल्क मेरो/हाम्रो माथि उल्लिखित खाताबाट रू. ...................................... (एकमुष्ट/वार्षिक रुपमा) कट्टी गर्न फाइनान्सलाई अख्तियारी प्रदान गर्दछु/गर्दछौं ।
I/We authorize the bank to debit my/our above mentioned acount by NRP ............................................ (Upfront/Annual instalment) being your charges.

काडए लिने शाखा:
Card to be collected from Branch ...........................................

मैले/हामीले प्रोग्रेशिभ फाइनान्सको डेबिट कार्ड सञ्चालन सम्बन्धी यस आवेदन फारामको पछाडि उल्लिखित शर्तहरु पढे/पढ्यौं, बुझ्यौं र ती शर्त तथा नियमहरुको सधैं पालना गर्न मेरो/हाम्रो मञ्जुरी छ ।
I/We have read and understood the terms and conditions of use of Progressive Finance Limited Debit (ATM) Card mentioned overleaf and will abide by them at all times.

सहयोगका लागि धन्यवाद । Thank you for your cooperation.

..........................................................
अधिकारिक दस्तखत/Authorized Signature

---

**For Bank's Use Only**

Card No. : ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

Customer ID ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

Update Customer Master-Yes/No

# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको डेबिट कार्ड प्रयोग सम्बन्धी शर्त तथा बन्देजहरू

प्रोग्रेशिभ फाइनान्स लिमिटेडका खातावालाहरूले डेबिट (ए.टि.एम.) कार्ड सञ्चालन गर्दा तपसिलमा उल्लेखित शर्त तथा बन्देजहरू पालना गर्नुपर्नेछ । निम्न शर्तहरू फाइनान्स तथा ग्राहक बीच एक करारको रुपमा स्वत लागू हुनेछन् ।

१. यस शर्त तथा बन्देजहरूमा, 'फाइनान्स' भन्नाले प्रोग्रेशिभ फाइनान्स लिमिटेडलाई बुझाउने छ । यो फाइनान्स एउटा पब्लिक लिमिटेड कम्पनीको रुपमा प्रचलित कानून बमोजिम स्थापित भई नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र वित्तीय संस्था हो । यसको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.ना.पा वडा नं. ३२ तिनकुनेमा अवस्थित छ । यस शब्दले फाइनान्सका शाखा कार्यालय प्रशाखा कार्यालय र कलेक्सन काउन्टरहरू समेतलाई जनाउने छ । त्यसैगरी 'कार्डहोल्डर' भन्नाले फाइनान्सले जसको नाममा कार्ड तथा परिपूरक कार्ड जारी गरेको छ, त्यस्ता व्यक्तिलाई बुझाउने छ । 'ए.टि.एम.' भन्नाले अटोमेटेड टेलर मेसिन 'कार्ड' भन्नाले फाइनान्सले जारी गरेको कार्ड तथा परिपूरक कार्डलाई समेत बुझाउने छ । 'पिन' भन्नाले व्यक्तिगत पहिचान नम्बर र तोकिएको खाता भन्नाले फाइनान्सले स्वीकृत गरेको खाता, जुन खाताका कार्ड तथा पिनको सहज रुपमा पहुँच पुगी कारोवार हुन्छ लाई बुझाउने छ ।

२. कार्डहोल्डरको यस फाइनान्समा खाता रहेको हुनुपर्नेछ ।

३. कार्डको माध्यमबाट भएका सम्पूर्ण कारोवारहरू, जुन विद्युतीय वा अन्य जुनसुकै माध्यमबाट हुनसक्छन् ती कारोबारहरू तोकिएको खाताबाट डेबिट (खर्च) गरिनेछ ।

४. विद्युतीय वा अन्य कुनै माध्यमबाट कार्डबाट भएका कारोवारहरूको फाइनान्समा रहेको अभिलेखहरू नै अन्यथा प्रमाणित नभएसम्म अकाट्य रुपमा एवं सही, सत्य र तथ्य प्रमाणको रुपमा मानिने छ । साथै यस सम्बन्धमा कार्डहोल्डरले ए.टि.एम. मार्फत गरेको कारोबारका लागि छुट्टै खाता डेबिट (खर्च) गर्ने अख्तियारीको आवश्यकता पर्ने छैन ।

५. तोकिएको खाताबाट नगद अधिक रुपमा झिक्न (Overdrawing) को लागि फाइनान्स र कार्डहोल्डरबीच अग्रिम लागू हुने गरी करार नभएसम्म अनुमति योग्य छैन वा अनुमति दिइने छैन । कदापि कार्डको माध्यमबाट यस्तो कारोबार भएको पाइएमा कार्डहोल्डरले फाइनान्सले तोकिदिएको ब्याजदरले हिसाब गरी अन्य फी, खर्च, कमिशन समेत तिर्नुपर्नेछ । यस्ता अधिविकर्ष फाइनान्सद्वारा माग गरिएको बखत भुक्तानी गर्नुपर्नेछ ।

६. फाइनान्सले जारी गरेको कार्ड भएकाले कार्ड जारी गरिएको वा प्रयोग गरिएका कारणले हुने जुनसुकै हानि (नोक्सानी, दाबी, कार्य, कारबाहीहरू, भुक्तानी माग, क्षति, मूल्यहरू तथा अन्य जुनसुकै खर्चहरू तथा कार्डको कारोबारसँग सम्बद्ध दायित्वहरू समेतबाट कार्डहोल्डरले फाइनान्सलाई सोबाट उत्पन्न हुने दायित्वबाट मुक्त राख्ने छ ।

७. कार्डहोल्डरले झिक्ने नगदको सीमा फाइनान्सले समयसमयमा तोके बमोजिम हुने छ ।

८. कार्ड जुनसुकै बखत फाइनान्सको सम्पत्तिको रुपमा रहने छ । फाइनान्सको असीमित तजबिज र पूर्वजानकारी नदिईकन कार्ड खिच्न वा कार्ड सेवा प्रदान गर्ने सम्बन्धमा प्रस्ताब गरिएको भएतापनि पूर्वजानकारी नदिईकन फाइनान्सले कार्ड फिर्ता माग गरेको बखतमा कार्डहोल्डरले कार्ड फिर्ता गर्नुपर्नेछ ।

९. निम्न अवस्थामा फाइनान्सले कार्डको वैधता रहे तापनि कार्ड जफत गर्न वा सो कार्ड फिर्ता लिन सक्ने छः (क) तोकिएको खाता बन्द भएमा, (ख) कार्डहोल्डरको मृत्यु भएमा र (ग) फाइनान्सले जुनसुकै कारणले कार्ड रद्द गरेमा ।

१०. कार्डहोल्डरले सम्पूर्ण जोखिम व्यहोर्ने गरी फाइनान्सले कार्ड तथा पिन जारी गरेको छ । कार्ड जारी गरेकै कारणले फाइनान्सले कुनै पनि हानिनोक्सानी, क्षति, आर्थिक दायित्वहरू तथा अन्य कुनै पनि दायित्ववहन गर्ने छैन । कार्ड कारोबारको माध्यबाट हुने प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा हुने कुनै पनि प्रकारको हानिनोक्सानी, क्षति, आर्थिक दायित्वहरू, खर्च तथा अन्य कुनै पनि दायित्वहरूको सम्बन्धमा फाइनान्स उत्तरदायी हुने छैन र यस्ता प्रकारको हानिनोक्सानी, क्षति, आर्थिक दायित्वहरू, खर्च तथा अन्य कुनै पनि दायित्वहरूको सम्बन्धमा कार्डहोल्डरले फाइनान्सलाई सोबाट उत्पन्न हुने दायित्वबाट मुक्त (Indemnify) राख्ने छ । ए.टि.एम.ले कार्ड स्वीकार नगर्दा हुने क्षतिप्रति फाइनान्स उत्तरदायी हुने छैन ।

११. कार्डहोल्डरले पिन नम्बर अन्य कसैलाई जानकारी दिनुहुँदैन । कार्ड हराएको वा चोरी भएको सूचना फाइनान्सलाई कार्ड नहुँदासम्म, यस्ता कार्डको अनधिकृत प्रयोगबाट हुने कारोबारबाट पुग्ने क्षतिका लागि कार्डहोल्डर नै जिम्मेवार, जवाफदेही तथा उत्तरदायी हुने छ र कार्डहोल्डरले फाइनान्सलाई सोबाट उत्पन्न हुने दायित्वबाट मुक्त (Indemnify) राख्ने छ । यस प्रयोजनका लागि कुनै पनि व्यक्तिले कार्डहोल्डरको सहमतिले कार्ड प्राप्त गरी गरेको कारोबारलाई कार्डको आधिकारिक प्रयोग मानिने छ ।

१२. कार्डसँग सम्बन्धित सम्पूर्ण दस्तुरहरू फाइनान्सले तोकिदिए अनुसार अग्रिम बुझाउनुपर्ने छ र फाइनान्सले तोकिएको खाता डेबिट गरेर सो दस्तुर असुल गर्ने छ । फाइनान्सले असुल गरिसकेको सेवा शुल्क कुनै पनि परिस्थितिमा फिर्ता गरिने छैन ।

१३. फाइनान्सको निजी तजबिजले जुनसुकै बखत कार्ड खिच्न र कार्डमा दिएको सेवाबाट बञ्चित गर्न सक्ने छ । कार्डको गलत प्रयोगबाट उत्पन्न हुने जुनसुकै प्रकारको हानिनोक्सानी, क्षति, खर्च वा घटमा वा खाता अपर्याप्त मौज्दात हुँदाको अवस्थामा भएको कारोबार, ए.टि.एम. बिग्रिनु लगायतको सम्बन्धमा फाइनान्स जवाफदेही तथा जिम्मेवारी हुने छैन ।

## आकर्षित हुने कानून :

यस सम्झौताका कारणले उत्पन्न हुने कुनै पनि विवाद, यस सम्झौतामा लेखिएका शर्त तथा बन्देजहरू र नेपालको प्रचलित ऐन, कानून बमोजिम समाधान गरिने छ ।

माथि उल्लिखित कार्ड कारोबार र सोबाट उत्पन्न हुने जुनसुकै किसिमको परिमाणहरूका सम्बन्धमा फाइनान्सद्वारा तोकिएको सम्पूर्ण शर्त तथा बन्देजहरू म/हामीले राम्ररी पढी, बाची र सोको अर्थ, मतलब र परिमाणका सम्बन्धमा पूर्व जानकार भई सोको पूर्ण परिपालना गर्न र सोबाट उत्पन्न हुने वा फाइनान्सले व्यहोर्नुपर्ने हानिनोक्सानी, क्षति, खर्च, दस्तुरहरू समेत म/हामी तिर्न व्यहोर्न मेरो/हाम्रो मञ्जुर तथा सहमति रहेका छ ।

.................................

आवेदकको दस्तखत
(Signature of applicant)